राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०६ | २०८३ साउन ३ गते आइतवार | (Sunday, 19 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# जनकपुरमा डोजर चलाउने संघीय सरकारको तयारी

## स्थानीय र प्रदेश सरकारलाई बेवास्ता गरेको भन्दै चर्कियो विवाद




**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २ गते ।*

जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेका गुठी, मठ-मन्दिर, पोखरी तथा गुठी जग्गामा भएको अतिक्रमण हटाउन संघीय सरकारले गठन गरेको प्रतिवेदन कार्यान्वयन समिति विवादमा परेको छ । संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहलाई समावेश नगरी समिति गठन गरेको भन्दै जनकपुरधाम उपमहानगरपालिका र मधेस प्रदेश सरकारले त्यसको विरोध गरेका छन् । उनीहरूले यस्तो कदमलाई संघीयताको मर्म र संविधानको भावना विपरीत भएको टिप्पणी गरेका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक सम्पदा संरक्षणका लागि नौ सदस्यीय प्रतिवेदन कार्यान्वयन समिति गठन गरेको हो । समितिलाई गुठी जग्गा, पोखरी, पोखरीका डिल, रामजानकी मन्दिर तथा अन्य प्रमुख मठ-मन्दिरमा भएको अतिक्रमण पहिचान गर्ने, सीमाङ्कन गर्ने र हटाउने जिम्मेवारी दिइएको छ ।

तर समितिमा प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको प्रतिनिधित्व नगराइएकाले विवाद उत्पन्न भएको हो । स्थानीय जनप्रतिनिधि र प्रदेश सरकारका मन्त्रीहरूले जनकपुरधामसँग प्रत्यक्ष सम्बन्धित विषयमा स्थानीय र प्रदेश सरकारलाई बेवास्ता गरेर संघीय सरकारले एकल रूपमा निर्णय लिन खोजेको आरोप लगाएका छन् ।

शनिबार जनकपुरधाममा आयोजित कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले गुठी जग्गा संरक्षणको विषयमा आफूहरूको कुनै असहमति नरहेको स्पष्ट पार्दै त्यसका लागि गठन गरिएको समितिको संरचनामाथि गम्भीर प्रश्न उठाए । उनले संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट स्पष्ट गरेको अवस्थामा सम्बन्धित स्थानीय सरकारलाई नै बाहिर राखेर समिति गठन गर्नु संघीयताको मूल मर्ममाथिको प्रहार भएको बताए ।

'जनकपुरधामको गुठी जग्गा, पोखरी र मठ-मन्दिरसँग प्रत्यक्ष सरोकार स्थानीय तहको हो । यहाँको विकास, संरक्षण र व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारको संवैधानिक भूमिका छ । तर ती दुवै तहलाई बाइपास गरेर संघीय सरकारले समिति गठन गर्नु केन्द्रीकृत सोचको निरन्तरता हो,' मेयर साहले भने ।

उनले संघीय सरकारले स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउनेभन्दा उल्टै कमजोर बनाउने गरी निर्णय गर्दै आएको आरोपसमेत लगाए । 'यदि अतिक्रमण हटाउने अभियान प्रभावकारी बनाउने उद्देश्य थियो भने सम्बन्धित स्थानीय सरकार र प्रदेश सरकारलाई नै नेतृत्वदायी भूमिका दिनुपर्थ्यो । स्थानीय

- बाँकी पृष्ठ ३ मा

# मधेस प्रदेशमा ५८ प्रतिशत मात्रै धान रोपाइँ



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन २ गते ।*

समयमै वर्षा नहुँदा असारको अन्तिमसम्म मधेस प्रदेशमा करिब ५८ प्रतिशत खेतीयोग्य जग्गामा धान रोपाइँ भएको छ । मधेस प्रदेश कृषि विकास निर्देशनालय नक्टाझिज धनुषाका अनुसार असारसम्ममा मधेस प्रदेशमा कुल क्षेत्रफलको ५७ दशमलव ९३ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको हो । त्यसमध्ये सबैभन्दा बढी सिरहामा ८० प्रतिशत क्षेत्रफलमा सबैभन्दा कम महोत्तरीमा ३९ दशमलव ५९ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए ।

जिल्लागत हिसाबले सप्तरीमा ६८ हजार हेक्टर जग्गमध्ये ३४ हेक्टर, सिरहामा ५४ हजार हेक्टर जग्गामध्ये ४३ हजार २०० हेक्टरमा धान रोपाइँ भएको अधिकृत विश्वकर्माले जानकारी दिए । यस्तै, धनुषामा ४३ हजार ७०० हेक्टर जग्गामध्ये २१ हजार ८५० हेक्टर, महोत्तरीमा ४० हजार हेक्टर जग्गामध्ये १५ हजार ८३८ हेक्टर, सर्लाहीमा ४२ हजार ६९५ हेक्टरमध्ये २५ हजार ६१९ हेक्टर, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये २१ हजार १७५ हेक्टर, बारामा ४५ हजार १०० हेक्टरमध्ये २४ हजार ८०५ हेक्टर र पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ३५ हजार ५९ दशमलव सात हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको विश्वकर्माले बताए ।

कृषि प्राविधिकहरूका अनुसार असारभित्र धान रोपाइँ सम्पन्न गर्नसके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम अहिले प्रदेशभरि एकैसाथ भइरहेको छ ।

यस वर्ष किसानले उन्नत जातका धानका बिउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा पनि ध्यान दिएका छन् । यद्यपि केही स्थानमा मलको उपलब्धता र सिँचाइ पूर्वाधार अझै चुनौतीका रूपमा रहेको सप्तरीको बोदेबर्साइका किसान अजयकुमार यादव बताउछन् ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operation) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकित्सक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

# मधेस सरकारद्वारा बजेट खर्च गर्न ५२ बुँदे मार्गदर्शन जारी

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन २ गते ।*

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३।८४ को बजेट कार्यान्वयन गर्नका लागि ५२ बुँदे मार्गदर्शन जारी गरेको छ । मधेस सरकार मातहतका मन्त्रालय तथा कार्यालयका लेखा उत्तरदायी अधिकृतहरूका लागि प्रदेशको अर्थ मन्त्रालयले मार्गदर्शन जारी गरेको हो ।




मन्त्रालयले पिएलएमबिआईएसमा प्रविष्ट भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मानिने भएकाले त्यसलाई नै खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका प्रदेश लेखा इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्ने जनाएको छ ।

मन्त्रालयका सचिव सेवन्तक पोखरेलद्वारा जारी बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेट तेस्रो त्रैमासिकसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम वैशाख ७ गतेभित्र अनिवार्य रूपमा अर्थ मन्त्रालयमा समर्पण हुने र त्यस मितिपछि त्यस्तो रकम रकमान्तर गर्न नपाइने उल्लेख छ । यस्तै, पिएलएमबिआईएसमा कुनै आयोजना, कार्यक्रम,

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# महिलाको संवैधानिक अधिकार र कार्यान्वयनको प्रश्न



राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सहभागिताको अधिकार प्रदान गरिएको छ । यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान अधिकारको व्यवस्था गरी महिलाको आर्थिक तथा सामाजिक हैसियत सुदृढ गर्ने प्रयास गरिएको छ ।

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन २ गते ।*

नेपालको संविधान हजारौँको बलिदानको जगमा निर्माण भएको संविधानसभाबाट बनेको ऐतिहासिक र मौलिक संविधान हो । नेपालको संविधान २०७२ ले समानता, समावेशिता, सामाजिक न्याय र लैङ्गिक समानतामा आधारित समाज निर्माणको परिकल्पना गरेको छ ।

संविधानको प्रस्तावनामै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन प्रणालीमार्फत समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । विशेषगरी महिलाविरुद्धका ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विभेदको अन्त्य गरी महिलाको सम्मान, अधिकार र अवसर सुनिश्चित गर्ने संवैधानिक आधार संविधानले प्रदान गरेको छ ।

महिलाको अधिकारलाई संविधानले विशेष महत्व दिएको छ । संविधानको धारा १८ (समानताको अधिकार)ले सबै नागरिकलाई कानुनको दृष्टिमा समान हुने व्यवस्था गरेको छ । यस धाराले लिङ्गका आधारमा कुनै पनि प्रकारको विभेद गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

साथै, महिलासहित सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष कानुनी व्यवस्था गर्न सकिने प्रावधान पनि राखेको छ । यसले महिलाको समान अवसर र न्यायपूर्ण सहभागिताको संवैधानिक आधार निर्माण गरेको छ ।

धारा ३८ (महिलाको हक)अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक प्राप्त हुने व्यवस्था गरिएको छ । यस धाराले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । साथै, महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारका हिंसाजन्य कार्यलाई कानुनद्वारा दण्डनीय बनाइएको छ ।

राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सहभागिताको अधिकार प्रदान गरिएको छ । यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान अधिकारको व्यवस्था गरी महिलाको आर्थिक तथा सामाजिक हैसियत सुदृढ गर्ने प्रयास गरिएको छ ।

संविधानको धारा ३३ (रोजगारीको हक)ले प्रत्येक नागरिकलाई रोजगारीको अधिकार सुनिश्चित गरेको छ ।

महिलाहरूलाई रोजगारीका अवसरमा समान पहुँच र विभेदरहित वातावरण प्रदान गर्नु राज्यको दायित्व हो । त्यस्तै धारा ३४ (श्रमको हक)ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको अधिकार प्रदान गरेको छ ।

महिलाले समान कामका लागि समान ज्याला पाउनुपर्ने सिद्धान्त पनि यसै अधिकारको मर्मसँग सम्बन्धित छ । शिक्षा महिला सशक्तीकरणको महत्वपूर्ण आधार हो । धारा ३१ (शिक्षाको हक)ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको अधिकार सुनिश्चित गरेको छ । महिलाहरूको शिक्षा स्तर वृद्धि भएमा उनीहरूको आत्मविश्वास, निर्णय क्षमता र आर्थिक अवसरमा पहुँच बढ्छ । शिक्षित महिला परिवार, समाज र राष्ट्रको विकासमा अझ प्रभावकारी रूपमा योगदान दिन सक्षम हुन्छिन् । स्वास्थ्यको अधिकार पनि महिलाको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । धारा ३५ (स्वास्थ्यसम्बन्धी हक)ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको अधिकार प्रदान गरेको छ । महिलाको स्वास्थ्य, विशेषगरी मातृ स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्न संविधानले विशेष संवेदनशीलता देखाएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक अधिकारका रूपमा व्यवस्था गरिनु यसको महत्वपूर्ण उदाहरण हो । महिलाको आर्थिक सशक्तीकरण संवैधानिक अधिकारको वास्तविक कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको छ । केवल कानुनी अधिकार प्राप्त हुनु पर्याप्त हुँदैन, ती अधिकारको व्यावहारिक उपयोग गर्न आर्थिक क्षमता पनि आवश्यक हुन्छ । आर्थिक रूपमा आत्मनिर्भर महिला आफ्नो जीवनका निर्णय आफैँ गर्न सक्षम हुन्छिन् । उनी परिवारको आर्थिक व्यवस्थापन, सन्तानको शिक्षा, स्वास्थ्य तथा सामाजिक गतिविधिमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छिन् ।

नेपालमा महिलाहरू कृषि, पशुपालन, घरेलु उद्योग तथा अनौपचारिक क्षेत्रमा ठूलो सङ्ख्यामा संलग्न छन् । तर उनीहरूको श्रमको उचित मूल्याङ्कन तथा प्रतिफल अझै पनि पर्याप्त रूपमा सुनिश्चित हुनसकेको छैन । ग्रामीण क्षेत्रका महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका वर्ग तथा अपाङ्गता भएका महिलाहरूले आर्थिक अवसर प्राप्त गर्न थप कठिनाइ भोगिरहेका छन् ।

यस अवस्थामा संविधानको धारा ४२ (सामाजिक न्यायको हक) अत्यन्त महत्त्वपूर्ण छ । यस धाराले महिलासहित विभिन्न सीमान्तकृत समुदायलाई राज्यका निकाय तथा अवसरहरूमा समावेशी सहभागिताको अधिकार सुनिश्चित गरेको छ ।

राजनीतिक सहभागिताको क्षेत्रमा नेपालको संविधानले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । संविधानको धारा ८४ ले संघीय संसदमा महिलाको प्रतिनिधित्व कम्तीमा एकतिहाई हुनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एक पदमा महिला हुनुपर्ने कानुनी व्यवस्थाले महिलाको नेतृत्व विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ । आज हजारौँ महिला जनप्रतिनिधि स्थानीय शासन, नीति निर्माण र विकास प्रक्रियामा सक्रिय छन् ।

डिजिटल युगमा महिलाको आर्थिक सशक्तीकरणका नयाँ आयामहरू खुल्दै गएका छन् । सूचना प्रविधि, डिजिटल बैंकिङ, अनलाइन व्यवसाय, ई-कमर्स तथा उद्यमशीलताका विभिन्न अवसरले महिलाहरूलाई स्वरोजगार र आयआर्जनका नयाँ बाटाहरू प्रदान गरेका छन् तर डिजिटल साक्षरता, इन्टरनेट पहुँच तथा प्रविधि प्रयोगसम्बन्धी सीपमा अझै लैङ्गिक अन्तर रहेको देखिन्छ । त्यसैले राज्यले महिलाको डिजिटल पहुँच विस्तार गर्ने नीति अवलम्बन गर्न आवश्यक छ ।

महिलाको आर्थिक सशक्तीकरणका लागि सहुलियतपूर्ण ऋण, उद्यमशीलता विकास कार्यक्रम, सीपमूलक तालिम, उत्पादन तथा बजारीकरणमा सहयोग, महिलामैत्री बजेट र सुरक्षित कार्यस्थलको सुनिश्चित गर्न आवश्यक छ । सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज र सरकारी निकायबीचको सहकार्यले महिलाको आर्थिक सहभागिता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यद्यपि, संवैधानिक अधिकारको पूर्ण कार्यान्वयनमा अझै चुनौतीहरू विद्यमान छन् । बालविवाह, दाइजो प्रथा, छाउपडी, घरेलु हिंसा, लैङ्गिक विभेद तथा महिलाविरुद्धका अन्य सामाजिक कुरीतिहरूले महिलाको प्रगति र सशक्तीकरणमा अवरोध सृजना गरिरहेका छन् ।

संविधानको धारा २४ (छुवाछूत तथा भेदभावविरुद्धको हक) र धारा ३८ (महिलाको हक)ले यस्ता विभेदकारी अभ्यासको अन्त्यका लागि स्पष्ट संवैधानिक आधार प्रदान गरेका छन् । तर कानुनी व्यवस्थासँगै सामाजिक चेतना, शिक्षा र व्यवहारगत परिवर्तन पनि उत्तिकै आवश्यक छ । समग्रमा यो संविधानले महिलाको सम्मान, समानता, सुरक्षा, सहभागिता र आर्थिक उन्नतिको बलियो आधार तयार गरेको छ । प्रस्तावनादेखि मौलिक अधिकारसम्मका विभिन्न धाराहरूले महिलालाई राज्यका सबै क्षेत्रमा समान अवसर र अधिकार प्रदान गरेका छन् ।

अब आवश्यक कुरा ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन हो । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सम्पत्तिमाथिको अधिकार तथा निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्न सकिएमा मात्र महिलाको वास्तविक सशक्तीकरण सम्भव हुनेछ । महिला सशक्त भए परिवार सशक्त हुन्छ, परिवार सशक्त भए समाज सशक्त हुन्छ र समाज सशक्त भए समृद्ध, समावेशी तथा न्यायपूर्ण नेपालको सपना साकार हुन्छ ।

संविधानमा उल्लेख भएका समानताको अधिकार, महिलाको हक, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य तथा सहभागितासम्बन्धी संवैधानिक प्रावधानहरूले महिलालाई सम्मानपूर्ण जीवन जिउने आधार प्रदान गरेका छन् तर संविधानमा अधिकार लेखिनुमात्र पर्याप्त हुँदैन; ती अधिकार व्यवहारमा कार्यान्वयन हुनु आवश्यक हुन्छ । जबसम्म राज्य, समाज, राजनीतिक दल, नागरिक समाज र परिवार सबैले लैङ्गिक समानतालाई व्यवहारमा लागू गर्दैनन्, तबसम्म संवैधानिक अधिकारको वास्तविक उपलब्धि प्राप्त हुन सक्दैन । त्यसैले संविधानले सुनिश्चित गरेका महिला अधिकारहरूलाई व्यवहारमा रूपान्तरण गर्दै समान, न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

यसका लागि स्वयं महिलाको पहलकदमी महत्वपूर्ण रहन्छ, त्यसका अलावा घर, परिवार, समाजको सकारात्मक भूमिका अपरिहार्य हुन्छ । त्यसैगरी राज्यका नियमनकारी निकाय र सञ्चारमाध्यमको हस्तक्षेप पनि यसको लागि अनिवार्य शर्त हो । साथै, कानुन निर्माणको मुख्य थलो संसद्मा सहभागी सांसदहरूको महिलामैत्री कानुन बनाउन परिपक्व र जिम्मेवारपूर्ण भूमिका हुनु आवश्यक छ ।

## सम्पादकिय............

# मधेसको खडेरीमा सरकारको परीक्षा

साउन सुरु भइसक्दा पनि मधेसका धेरै खेतमा धान रोपाइँ हुन सकेको छैन । पानी पर्नुपर्ने समयमा परेको खडेरीले किसानलाई गम्भीर संकटमा पारेको छ । जलवायु परिवर्तन गराउने कार्बन उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि यसको असर भने नेपालले असमान रूपमा भोगिरहेको छ । हिमालमा हिउँ पग्लँदैछ, मधेसमा भूमिगत पानीको सतह गहिरिँदैछ ।

मौसमको असन्तुलनका कारण कहिले हावाहुरी र असिना, कहिले लामो खडेरी तथा कहिले छोटो अवधिमै अत्यधिक वर्षा हुने गरेको छ । यसको प्रत्यक्ष असर कृषि उत्पादनमा परेको छ । मधेसको पहिचानसँग जोडिएको आँप उत्पादन २१ प्रतिशतले घटेको छ । धनुषा, महोत्तरी र सिरहामा खडेरीका कारण धान उत्पादन करिब ४ लाख ५० हजार टनले घट्ने अनुमानले स्थिति कति गम्भीर छ भन्ने देखाउँछ । यसको प्रभाव देशको धान आपूर्तिमा समेत पर्नेछ ।

कुनै समय ७०-७५ फिटमै भेटिने भूमिगत पानी अहिले ३-४ सय फिट गहिराइमा पुगेको छ । खडेरीपछि बाढी आउने मौसमी प्रवृत्तिले समस्या थप जटिल बनाएको छ । किसानले उत्पादनको जोखिम मात्र होइन, घरबास र जीविकाको जोखिमसमेत बेहोर्नुपरेको छ । मधेस नेपालको प्रमुख कृषि क्षेत्र र अन्न आपूर्तिको आधार हो । यहाँको कृषि संकटलाई क्षेत्रीय समस्या ठान्नु गम्भीर भूल हुनेछ । मधेसको उत्पादन घट्दा देशको खाद्य सुरक्षा, बजार मूल्य र समग्र अर्थतन्त्र प्रभावित हुन्छ ।

सरकारले अब राहत र घोषणामा सीमित नभई जलवायु अनुकूलनलाई कृषि नीतिको केन्द्रमा राख्नुपर्छ । सिँचाइ पूर्वाधार विस्तार, भूमिगत पानी संरक्षण, जलस्रोत व्यवस्थापन, प्रभावकारी कृषि बिमा र आधुनिक कृषि प्रणाली विकासमा दीर्घकालीन लगानी आवश्यक छ । मधेसको कृषि संकटमा सरकारको परीक्षा भइरहेको छ । यो परीक्षा भाषणले होइन, किसानको खेतमा पुगेको पानी र सुरक्षित भएको उत्पादनले मात्र उत्तीर्ण गर्न सकिन्छ ।

## राशिफल

- मेष - शुभ समाचार सुन्न पाइनेछ ।
- वृष - प्रेम सम्बन्धमा मधुरता मिल्नेछ ।
- मिथुन - अवसर प्राप्त हुने ।
- कर्कट - हौसला मिल्नेछ ।
- सिंह - सहयोग जुट्ने ।
- कन्या - रोकिएको कामले गति लिनेछ ।
- तुला - सहयोग र हौसला मिल्नेछ ।
- वृश्चिक - नयाँ कार्यको योजना बन्नेछ ।
- धनु - अधुरा काम पूरा हुने ।
- मकर - नयाँ आशा पलाउनेछ ।
- कुम्भ - कला र गलाको प्रभाव बढ्ने छ ।
- मिन - जिम्मेवारी समेत बढ्नेछ ।

## मुक्ति घोषणा भएको चार...

कानुनी र प्रभावकारी रूपमा अघि बढाउन सरकारसँग माग गरे।
प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्ण रूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाए पनि हरवाचरवाको वास्तविक लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण नहुँदा समस्या भएको भन्दै उनले माग सम्बोधन गर्न आग्रह गरे। पत्रकार सम्मेलनमा मञ्चका महासचिव लागेन्द्र सदाले कृषि क्षेत्रमा पुस्तौंदेखि बाध्यकारी श्रम गर्दै आएका हरवाचरवाका अधिकांश परिवार ऋणको नाममा न्यून वा बिनाज्यालामा श्रम गर्न बाध्य हुने अवस्था अझै कायम रहेको बताए। सन् २०१३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले गरेको अध्ययनलाई उद्धृत गर्दै उनले नेपालमा हरवाचरवाको संख्या एक लाखभन्दा बढी रहेको उल्लेख गरे। अधिकांश हरवाचरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेका उल्लेख गर्दै द फ्रिडम फण्डका कानुनी सल्लाहकार बलराम भट्टराईले जग्गा र बसोबासको प्रमाणपत्र नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेको बताए। असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा पहुँचको कमी तथा राजनीतिक प्रभावका कारण हुने शोषण हरवाचरवा समुदायको मुख्य समस्या रहेको उनको भनाइ छ।
२ साउन २०७९ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवाचरवा मुक्तिको घोषणा गरेका थिए। चार वर्षमा पनि हरवाचरवाको वास्तविक मुक्ति हुन नसकेको बताउँदै भट्टराईले घोषणा मात्र मुक्ति नभई प्रभावकारी कार्यान्वयनबाट मात्र हरवा चरवा समुदायले आफ्नो हकअधिकार पाउने भएकाले यसतर्फ सरकारले ठोस नीति अङ्गीकार गर्नुपर्नेमा जोड दिए।

## जनकपुरमा डोजर चलाउने...

तहलाई पन्छाएर बनाइएको समिति व्यवहारिक पनि हुँदैन,' उनले भने।
मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले पनि संघीय सरकारको कदमप्रति असन्तुष्टि जनाए। गुठी जग्गा संरक्षण सबैको साझा दायित्व भए पनि त्यसका लागि बनाइएको संयन्त्रमा प्रदेश सरकार र स्थानीय तहलाई प्रतिनिधित्व नगराइनु संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीसँग मेल नखाने उनको भनाइ थियो।
'गुठी जग्गा जोगाउनुपर्छ, अतिक्रमण हटाउनुपर्छ भन्नेमा हाम्रो कुनै मतभेद छैन,' मन्त्री महतोले भने, 'तर सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई नै बाहिर राखेर समिति गठन गर्नु संघीयताको भावना विपरीत हो। यस्तो कार्यशैलीले प्रदेश र स्थानीय तहको संवैधानिक अधिकारलाई कुण्ठित गर्छ।' सरकारले गुठी संस्थानका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठन गरेको समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुख सदस्य छन्। समितिलाई २०६२ सालमा तयार भएको उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ। सो प्रतिवेदनका आधारमा जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेका गुठी जग्गा, पोखरी, पोखरीका डिल, रामजानकी मन्दिर तथा अन्य धार्मिक सम्पत्तिमा भएको अतिक्रमणको पहिचान, रेखाङ्कन र हटाउने काम अघि बढाइनेछ। यसअघि नै समितिले आफ्नो काम सुरु गरिसकेको छ। शुक्रबार समितिले जनकपुरधामका सात वटा पोखरीको डिल अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सम्बन्धित संघसंस्था तथा अन्य पक्षलाई सात दिनको अल्टिमेटम दिएको छ। समितिले तयार पारेको कार्यविधिअनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमणको रेखाङ्कन गरी सम्बन्धित व्यक्ति वा संस्थालाई सात दिनभित्र स्वेच्छाले संरचना हटाउन सूचना दिइनेछ।
यस्तै, गुठी जग्गामा घर-टहरा निर्माण गरी बसोबास गरिरहेका व्यक्तिका हकमा भने १५ दिनको समयसीमा तोकेर सूचना जारी गरिनेछ। तोकिएको अवधिभित्र अतिक्रमण नहटाइए स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी थप १५ दिनभित्र खाली गराइने मन्त्रालयले जनाएको छ। समितिको सक्रियतासँगै जनकपुरधामका सार्वजनिक तथा धार्मिक सम्पत्तिमा वर्षौंदेखि भइरहेको अतिक्रमण हटाउने प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ। तर समिति गठनकै प्रक्रियालाई लिएर संघीय, प्रदेश र स्थानीय तहबीच देखिएको असन्तुष्टिले भने गुठी जग्गा संरक्षणको विषयलाई प्रशासनिकभन्दा बढी राजनीतिक र संवैधानिक बहसको विषय बनाइदिएको छ।

## मधेस सरकारद्वारा बजेट खर्च...

क्रियाकलापको नाम वा उद्देश्य एउटै भई दोहोरो प्रविष्ट भएमा कुनै एउटा मात्र कार्यान्वयन गरिने उल्लेख छ।
यस्तै, भवन निर्माणका लागि विनियोजित भएको रकमबाट सरकारी स्वामित्वको जग्गामा मात्र निर्माण कार्य गर्न मार्गदर्शन गरिएको छ।
यसैगरी अर्थ मन्त्रालयले प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय तथा प्रदेशका अन्य मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन भनेको छ। अर्थ मन्त्रालयले सरकारी खर्चमा कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभा हल प्रयोग गर्ने व्यवस्था मिलाउन भनेको छ। क्षमता विकासका कार्यहरू आर्थिक वर्षको पहिलो र दोस्रो त्रैमासिक अवधिमा सम्पन्न गर्ने गरी कार्ययोजना तयारी गर्न मार्गदर्शन गरेको छ।

# आमिर खानलाई लरेन्स ग्याङको ज्यान मार्ने धम्की




एजेन्सी

*मुम्बई, साउन २ गते।*

बलिउड अभिनेता आमिर खानलाई लरेन्स ग्याङको तर्फबाट ज्यान मार्ने धम्की आएको खबर सार्वजनिक भएको छ।
रिपोर्टका अनुसार ग्याङले आमिर खानले गत जुलाई ५ मा गौरी स्प्याटसँग गरेको तेस्रो विवाहलाई 'लभ जिहाद' को संज्ञा दिँदै धम्की दिएको हो।
आजतकको रिपोर्टका अनुसार शनिबार लरेन्स ग्याङको तर्फबाट एउटा पत्र र अडियो नोट जारी गरिएको छ। आरजु बिश्नोई र टायसन बिश्नोईको नामबाट जारी गरिएको उक्त पत्रमा देश र संस्कृतिको विरुद्धमा गएर लभ जिहादका नाममा आमिर खान जस्ता मानिसलाई बढावा दिनेहरूलाई आफूहरूले सहन नगर्ने उल्लेख गरिएको छ। ग्याङले यसको जवाफ चाँडै दिइने चेतावनी समेत दिएको छ। पत्रमा यो कार्य देश र संस्कृति विरुद्ध भएको भन्दै जसले यसको समर्थन गर्छ, उसलाई चाँडै ग्याङको तर्फबाट जवाफ मिल्ने लेखिएको छ।
दैनिक भास्करसँगको कुराकानीमा उच्च अदालतका अधिवक्ता अजय पञ्चोलीले यस खबरको पुष्टि गरेका छन्। यद्यपि, यो समाचार तयार पार्दासम्म मुम्बई प्रहरी र आमिर खानको टोलीका तर्फबाट कुनै पनि आधिकारिक बयान बाहिर आएको छैन। तेस्रो विवाह गरेपछि सामाजिक सञ्जालमा आमिर खानलाई लभ जिहादको ब्रान्ड एम्बेसेडर भन्दै आलोचना हुन थालेको थियो। यी आरोपहरूमाथि रेडिफसँगको कुराकानीमा आमिरले आफ्नो सफाइ दिएका छन्। 'मेरो तीनवटै विवाहमा कुनै पनि श्रीमतीले धर्म परिवर्तन गरेका छैनन्, किनभने यी विवाहहरू अदालती विवाह थिए,' आमिरले भने, 'तेस्रो श्रीमती गौरी हिन्दू नभएर क्रिश्चियन हुन्।'
आफ्नो परिवारको उदाहरण दिँदै आमिरले थप स्पष्ट पारे, 'मेरो छोरी इराको विवाह हिन्दू युवासँग भएको छ। मेरा दुवै दिदीबहिनी निखत खान र फरहत खानका श्रीमान् पनि हिन्दू हुन् भने कजिन मन्सुरको विवाह क्रिश्चियनसँग भएको छ।' अभिनेता आमिर खान र उनकी पार्टनर गौरी स्प्याटले जुलाई ५ मा विवाह गरेका थिए। दुवैले मुम्बईको पाली हिलस्थित आमिरकै घरमा विवाहको कागजातमा हस्ताक्षर गरेका हुन्। यो एक निजी पारिवारिक समारोह थियो, जसमा दुवै परिवारका सदस्य र केही नजिकका साथीहरू मात्र उपस्थित थिए। उक्त विवाह स्पेशल म्यारिज एक्टअन्तर्गत कोर्ट म्यारिजका रूपमा दर्ता गरिएको हो।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।


पब्लिक टुडे पब्लिकेशन प्रा.लि. प्रस्तुत गर्दछ
रेडियो पब्लिक
९३.३ मेगाहर्ज
विकास र समृद्धिका लागि जन आवाजको प्रतीक
गौशाला न.पा.-१ रामनगर, महोत्तरी
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
radiopublic93.3mhz@gmail.com
हामीलाई यहाँबाट पनि सुन्न सक्नुहुनेछ
हाम्रो पात्रो
LIVE
www.thepublictoday.com
सल्लाह सुझाव र प्रतिक्रियाको लागि सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

## मुक्ति घोषणा भएको चार वर्ष :
# हरवाचरवा अझै पहिचानबाट वञ्चित



राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २ गते ।*

सरकारले हरवाचरवा मुक्ति घोषणा गरेको चार वर्ष बितिसक्दा पनि आफूहरूको वास्तविक पहिचान र सामाजिक सुरक्षाको विषय अझै अधुरो रहेको हरवाहरवा समुदायले गुनासो गरेका छन् ।

चौथो हरवाचरवा मुक्ति दिवसका अवसरमा शनिवार राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा समुदायले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यस समुदाय अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेका बताएका हुन् ।

हरवाचरवाको वास्तविक पहिचान र प्रमाणीकरणबिना सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले सरकारसँग चारबुँदे माग गरे ।

अध्यक्ष मण्डलले 'हरवाचरवा लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका, २०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नुपर्ने, तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणलाई तीव्रता दिनुपर्ने, मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी लगत संकलन तत्काल सुरु गर्न र भूमिहीन हरवाचरवाको अव्यावहारिक विस्थापन रोक्दै भूमि वितरण र पुनःस्थापनाको प्रक्रिया

- बाँकी पृष्ठ ३ मा

# मधेस विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २ गते ।*




मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ । हाल स्नातकोत्तर तहमा जनप्रशासन (एमपीए), कानुन सङ्कायतर्फ स्नातक (बीए एलएलबी) र जनप्रशासन सङ्कायतर्फ स्नातकमा जनव्यवस्थापन (बीपीएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको हो ।

मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबीए) तथा स्नातक तहको ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बीबीए) को पठनपाठन सुरु गर्न लागेको छ । "तीन वटै सङ्कायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ", रजिष्ट्रार यादवले भने, "यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ । छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौं ।"

विश्वविद्यालयमा संचालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उनले बताए ।

वि.सं. २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय संचालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्राडा दीपकबहादुर शाक्यले बताए ।

"हामीले संचालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौं", उपकुलपति प्रा.डा. शाक्यले भने, "आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि संचालन गर्ने लक्ष्य राखेका छौं ।"

तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पतालाई आधार बनाएर चिकित्साशास्त्रमा एमबीबीएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उनको भनाइ छ ।

मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने दृष्टिले 'एमफिल पिएचडी'सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्रा डा. शाक्यले जानकारी दिए ।

मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो 'मधेस सीप स्कुल' स्थापना गर्ने योजना रहेको उनले बताए ।

# प्रदेश सरकारद्वारा करिब ३३ अर्ब राजस्व संकलन

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २ गते ।*

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यको ७० प्रतिशत राजस्व सङ्कलन गरेको छ ।

अर्थ मन्त्रालयका अनुसार गत आवमा ३२ अर्ब ८८ करोड ६० लाख ११ हजार राजस्व सङ्कलन गरेको छ । जसमध्ये आन्तरिक राजस्व सङ्कलन पाँच अर्ब ७६ करोड ५६ लाख २४ हजार रहेको अर्थमन्त्रालयका तथ्याङ्क अधिकृत राजेन्द्र आचार्यले जानकारी दिए ।

प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशनबाट एक अर्ब ७७ करोड ९५ लाख २२ हजार र सवारीसाधन करबाट दुई अर्ब २७ करोड ८० लाख ९७ हजार राजस्व सङ्कलन गरेको छ । गत आवमा सवारीचालक अनुमतिपत्र वितरण तथा सवारी दर्ता दस्तुरबाट ७९ करोड ५६ लाख २९ हजार, यातायात क्षेत्रको आम्दानीबाट १२ करोड ६३ लाख ९२ हजार, दहत्तर बहत्तरको बिक्रीबाट २० करोड १५ लाख ७३ हजार राजस्व सङ्कलन भएको छ ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ८६ करोड ८५ लाख छ हजार, अन्तःशुल्क करबापत तीन अर्ब २० करोड ४३ लाख ९१ हजार प्राप्त गरेको छ ।

त्यसैगरी सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत सात अर्ब छ करोड १६ लाख ७८ हजार, सशर्त अनुदान चालुतर्फ दुई अर्ब १७ करोड २७ लाख ७२ हजार, सशर्त पुँजीगततर्फ रु एक अर्ब ५६ करोड ३० लाख ४० हजार प्राप्त भएको तथ्याङ्क अधिकृत आचार्यले बताए ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको अर्थमन्त्रालयका सूचना अधिकारी अंशकुमार झाको भनाइ छ ।

# एक सातामा १२५ फरार प्रतिवादी पक्राउ

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २ गते ।*

विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएपछि फरार रहेका प्रतिवादीलाई पक्राउ गर्ने अभियानअन्तर्गत धनुषा प्रहरीले पछिल्लो एक सातामा १२५ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्ला अदालत धनुषाको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन विशेष अभियान सञ्चालन गरेको जनाएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार गत असार २५ देखि साउन १ गतेसम्मको अवधिमा कैद तथा जरिवानाको सजाय तोकिएपछि फरार रहेका १२५ जना प्रतिवादी पक्राउ परेका हुन् ।

उनका अनुसार असार २५ गते १०, असार २६ गते २६, असार २८ गते २२, असार २९ गते २८, असार ३० गते १४, असार ३१ गते १४ र साउन १ गते ११ जना फरार प्रतिवादी पक्राउ परेका हुन् । पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा पेस गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

धनुषा प्रहरीले अदालतको फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्न फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री